साझेदारीमा विद्यालय खेलकुद संरचना मर्मत संभार तथा निर्माण अनुदानको कार्यक्रम अन्तर्गत विद्यालयको खेल संरचना /खेल मैदान निर्माणका लागि  लागि प्रयोग गरिने

# सम्झौता फाराम

आ.व.२०७९/०८०

| |
|---|
| विद्यालयको नाम :- |
| ठेगाना :- |
| खाता नं. :- |
| खातावालाको नाम (चेकमा उल्लेख भए अनुसार) :- |
| बैंकको नाम :- |
| सम्पर्क नं. :- |
| विद्यालयको कोड :- |

**अनुदान प्राप्त उप कार्यक्रमहरु :-**

१. खेलकुद संरचना :- खेल मैदान निर्माण

२. आर्थिक सहयोग रकम :- रु............................./- (अक्षरुपी.................................................................)

प्रदेश सरकार

लुम्बिनी प्रदेश

शिक्षा तथा खेलकुद मन्त्रालय

शिक्षा तथा सामाजिक विकास निर्देशनालय

## सामाजिक विकास डिभिजन कार्यालय

गजेहडा,कपिलवस्तु

१. पृष्ठभूमि

विद्यालय पूर्वाधार विकास सहयोग अनुदान कार्यक्रम अन्तर्गत कक्षाकोठा भवन निर्माण, वास सुविधा सहितको शौचालय निर्माण, कम्पाउण्डवाल निर्माण, खानेपानीको ब्यवस्था ,विद्यालयको मर्मत सम्भार गर्ने,खेलकुद संरचना/खेलमैदान निर्माण तथा छात्रावास निर्माण कार्यक्रम प्रमुख रुपमा रहेका छन् । उक्त कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गर्न नीति नियम तर्जुमा गर्नका लागि प्रदेशस्तरमा शिक्षा तथा खेलकुद मन्त्रालयले भूमिका निर्वाह गर्नेछ भने सोको कार्यान्वयनका लागि शिक्षा तथा सामाजिक विकास निर्देशनालय/सामाजिक विकास डिभिजन कार्यालयको भूमिका प्रमुख रुपमा रहनेछ ।

२. कार्य संचालन विधि /प्रक्रिया

*२.१. विद्यालय ब्यवस्थापन समिति/विद्यालय भौतिक पूर्वाधार निर्माण* (खेलमैदान निर्माण) *उप समिति गठन गर्ने :-*

विद्यालयको भौतिक सुधार सम्बन्धी, खेलकुद संरचना/खेलमैदान निर्माण कार्यक्रम संचालनका लागि छनौट भएका विद्यालयहरुको निर्माण कार्यको व्यवस्थापन तथा संचालन गर्ने जिम्मा विद्यालय ब्यवस्थापन समितिको हुनेछ । विद्यालय ब्यवस्थापन समितिले आवश्यकता महसुस गरेमा अनुदान पाएको कार्यक्रमको सञ्चालन र ब्यवस्थापनमा सहयोग पुग्ने गरी निर्माण उपसमिति गठन गरी काम गर्न सक्नेछ । यसरी उपसमिति गठन गर्दा विद्यालय ब्यवस्थापन समिति, विद्यालय रहेको स्थानीय तह तथा वडाका जनप्रतिनिधिहरु तथा पिछडिएका वर्ग तथा क्षेत्रहरुका अभिभावकहरुको प्रतिनिधित्व हुने गरी आवश्यकता अनुसार एक छुट्टै भौतिक पूर्वाधार उप समिति समेत गठन गर्न सकिने छ ।

*२.२. लागत अनुमान अनुसार साझेदारी वा जनसहभागिता जुटाई निर्माण सम्पन्न गर्नुपर्ने :-*

विद्यालयको भौतिक पूर्वाधार निर्माणका (खेलमैदान निर्माण)लागि स्वीकृत दररेट अनुसार स्थानिय निर्माण सामग्रीहरुको समेत मूल्याङ्कन गरी लागत अनुमान तयार गरेर निर्देशनालय वा डिभिजन कार्यालय समक्ष पेश गर्नु पर्नेछ । निर्देशनालय वा डिभिजन कार्यालयले सो लागत अनुमान जाँच गरी स्वीकृत गर्नेछ ।

*२.३. विद्यालयहरुसंग सम्झौता गर्ने :-*

विद्यालयको भौतिक सुधार सम्बन्धि(खेलमैदान निर्माण) कार्यक्रम संचालनका लागि छनौट भएका विद्यालयहरुले सामाजिक विकास डिभिजन कार्यालय गजेहडा कपिलवस्तु संग संझौता गर्ने क्रममा स्थानीयस्तरबाट संकलन भएको निर्माण सामग्रीहरुको विवरण, विद्यालयको नाममा भएको जग्गाको लालपूर्जा वा गाँउपालिका, नगरपालिका, उप–महानगरपालिकाबाट प्राप्त सिफारिस सहित निवेदन पेश गर्नु पर्नेछ र उक्त निवेदनका साथ विद्यालय ब्यवस्थापन समितिको अध्यक्ष र विद्यालयका प्रधानाध्यापक सम्झौता गर्न आउनु पर्ने छ । निर्माण कार्यको दैनिक निरीक्षण तथा आवश्यक निर्माण सामग्रीहरुको व्यवस्थापन गर्ने जिम्मा विद्यालय ब्यवस्थापन समितिको हुनेछ ।

*२.४. निर्माण कार्य गर्ने/गराउने :-*

सम्झौता सम्पन्न भए पछि सम्झौतामा उल्लेखित सर्तहरु र कार्य तालिका अनुसार ब्यवस्थापन समितिले शिक्षा तथा सामाजिक विकास निर्देशनालय/सामाजिक विकास डिभिजन कार्यालयले तोकिएका प्राविधिकहरुको निरीक्षण, अनुगमन र सहयोगका आधारमा ले–आवट देखि निर्माण कार्य सम्पन्न सम्मका कार्य सम्पादन गर्नु पर्नेछ ।

*२.५. विद्यालयको खातामा रकम जम्मा गरिदिने :-*

निर्माण कार्यका लागि सम्झौता भएका विद्यालयहरुलाई सम्झौता भएपछि कुल बजेटको ३० प्रतिशत बजेट विद्यालयको बैङ्क खातामा पहिलो किस्ता वापत निकासा दिइने छ । तोकिएको सम्पूर्ण कार्य सम्पन्न भएपछि सम्बन्धित प्राविधिकहरुको सिफारिस सहित विद्यालयले कार्यसम्पन्न प्रतिबेदन पेश गरेमा बाँकी रकम विद्यालयलाई निकासा दिइनेछ ।

## ३. भौतिक पूर्वाधार निर्माणका क्षेत्रहरु

*३.१. विद्यालय भवन निर्माण गर्ने :-*

शिक्षा तथा खेलकुद मन्त्रालय/सामाजिक विकास डिभिजन कार्यालय गजेहडा कपिलवस्तुले विद्यालयका निम्ति तोकेको कक्षा कोठा भवनको ड्राइंग डिजाइन र नक्सा अनुसार यो अनुदान प्राप्त गर्ने विद्यायलयहरुले कक्षा कोठा भवन निर्माण गर्नुपर्ने छ । भवन निर्माणका लागि जग्गाको अभाव भएको र तोकिएको नर्म्सको आधारमा यस पूर्व निर्माण गरिएको विद्यालयको पूर्वाधारमा तल्ला थप्ने गरी कक्षा कोठा भवन निर्माण गर्नु पर्ने अवस्थामा विद्यालयले सम्बन्धित इञ्जिनियर/ सव इञ्जिनियरबाट निरीक्षण गराइ सो को प्रतिबेदनका आधारमा प्राप्त अनुदान रकम भन्दा लागत कम नहुने गरी विद्यालयले सो कार्य गर्न सक्नेछ । यसरी हुने निर्माण कार्य भवन आचारसंहिता बमोजिम हुनु पर्नेछ । तोकिएको निर्माण कार्य पूरा गर्नका लागि प्राप्त अनुदानले नपुग हुने भएमा नपुग हुने रकम विद्यालयले साझेदारी र जनसहभागिताको माध्यमबाट जुटाउनु पर्नेछ ।

*३.२. विद्यालय खेलकुद संरचना मर्मत संभार तथा निर्माण गर्ने :-*

खेलकुद संरचना मर्मत संभार तथा निर्माण गर्नेका लागि अनुदान प्राप्त गर्ने विद्यालयहरुले मन्त्रालय/ सामाजिक विकास डिभिजन कार्यालय गजेहडा कपिलवस्तुले तोकेको ड्राइंग डिजाइन र नक्साको आधारमा निर्माण कार्य गर्नु पर्नेछ । तोकिएको निर्माण कार्य पूरा गर्नका लागि प्राप्त अनुदानले नपुग हुने भएमा नपुग हुने रकम विद्यालयले साझेदारी र जनसहभागिताको माध्यमबाट जुटाउनु पर्नेछ । यसरी गरिने निर्माण कार्यको लागत इस्टिमेट प्राप्त अनुदान रकममा कम्तिमा १० प्रतिशत थप लागत लाग्ने गरी तयार गरिएको हुनेछ ।

*३.३. विद्यालय भवन निर्माण :-*

यस शीर्षकमा अनुदान प्राप्त गर्ने विद्यालयहरुले शिक्षा तथा सामाजिक विकास निर्देशनालय/सामाजिक विकास डिभिजन कार्यालय गजेहडा कपिलवस्तुले तोकेको इञ्जिनियर/सव-इञ्जिनियरबाट सम्वन्धित विद्यालयको योगदान रहने गरी लगत इस्टिमेट र ड्राइंग डिजाइन गराइ तोकिएको कार्य गर्नु पर्नेछ। यसरी गरिने निर्माण कार्यको लागत इस्टिमेट प्राप्त अनुदान रकममा कम्तिमा १० प्रतिशत थप लागत लाग्ने गरी तयार गरिएको हुनेछ ।

## ४. विद्यालयले पालना गर्नुपर्ने अन्य शर्तहरु

४.१. विद्यालयले भौतिक पूर्वाधार विकास(खेलमैदान निर्माण) अन्तर्गत सम्पादन गरिने माथि उल्लेखित कार्यहरु **मिति २०७९/० / गतेदेखि मिति २०७९/० / गतेसम्ममा** तोकिएको अवधि भित्र मन्त्रालय, निर्देशनालय/सामाजिक विकास डिभिजन कार्यालय गजेहडा कपिलवस्तु लुम्बिनी प्रदेशको निर्देशन अनुसार कार्य सम्पन्न गराउने दायित्व विद्यालय ब्यवस्थापन समितिको हुनेछ । तोकिएको कार्य तोकिएको समयमा पूरा नगर्ने विद्यालयको अनुदान रकम शिक्षा तथा सामाजिक विकास निर्देशनालय/सामाजिक विकास डिभिजन कार्यालय गजेहडा कपिलवस्तुले भुक्तानी दिन बाध्य हुने छैन र भुक्तानी भइसकेको अवस्थामा नियमानुसार असुलउपर गर्न आवश्यक प्रक्रिया अपनाउनेछ ।

४.२. विद्यालय ब्यवस्थापन समिति वा निर्माण सम्बन्धी उप समितिले भौतिक पूर्वाधार विकास सम्बन्धी कार्यको लागि एउटा छुट्टै रजिष्टर कायम गरी पूर्वाधार विकासका कार्यक्रममा खरिद भएका सामग्रीहरुको विवरण, खर्चको हिसाबका साथै विल, भौचर, दैनिक खर्चको विवरण र कामदारहरुको हाजिरी फारम विद्यालयमा सुरक्षित साथ राख्नु पर्नेछ । यस्ता कागजातहरु पेश नगर्ने विद्यालयहरुलाई अन्तिम किस्ता भुक्तानी दिइने छैन वा बैंक खातामा जम्मा गरिएको रकम रोक्का गरिने छ ।

४.३ यदि लेखा तथा निर्माण कार्यको रजिष्टर नराखिएमा वा निरीक्षण टोलीलाई हेर्न नदिएमा वा निर्माण कार्यको गुणस्तर सन्तोषजनक नभएमा यस्ता विद्यालयहरुमा निर्माण कार्य रोक्का गर्ने, खाताबाट रकम झिक्न अनुमति नदिने लगायतका कारवाहीका प्रकृया अघि बढाइने छ ।

४.४. प्रत्येक आ.व.मा भौतिक पूर्वाधार विकासको कार्यक्रम (खेलमैदान निर्माण) अनुसारको कार्य सोही आ.व.मा नै सम्पन्न गर्ने शिक्षा तथा सामाजिक विकास निर्देशनालय/सामाजिक विकास डिभिजन कार्यालय गजेहडा कपिलवस्तुको लक्ष्य रहेको हुँदा जिल्लामा भौतिक सुधारको लागि छनौट भएका विद्यालयहरुले चालु आ.व भित्रै तोकिएको कार्यहरु सम्पन्न गर्नु पर्नेछ ।

४.५. कक्षा कोठा तथा शौचालय निर्माण गर्दा अपागं तथा असक्त विद्यार्थीहरुले समेत प्रयोग गर्न सक्ने गरी ह्वील चेयर प्रयोग गरि जान सक्ने भिरालो बाटो, ढोका आदिको समुचित्त व्यवस्था हुने गरी निर्माण कार्य गर्नु पर्नेछ ।

४.६. विद्यालयले प्राप्त गरेको अनुदान रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि खर्च गर्नुपर्नेछ । अन्य प्रयोजनमा खर्च भएमा खर्च लेख्ने सम्बन्धित विद्यालयका प्र.अ. र वि.व्या.स.अध्यक्षबाट उक्त रकम असुल उपर गरिनेछ । साथै सामाजिक विकास डिभिजन कार्यालय गजेहडा कपिलवस्तुमा विद्यालयबाट अन्तिम भुक्तानीका लागि पेश भएको सक्कल काजगातहरुको आधारमा काम सम्पन्न भई भुक्तानी भए पश्चात आन्तरिक र अन्तिम लेखापरिक्षण क्रममा कायम हुने बेरुजु फरफरक गर्ने, गराउने प्रयोजनका लागि डिभिजन कार्यालयलाई आवश्यक पर्न गएमा सम्बन्धित विद्यालयको अनुदान रकमको ५ देखि १० प्रतिशतसम्म धरौटी कट्टी गर्न सकिनेछ ।

४.७. विद्यालयले सामाजिक विकास डिभिजन कार्यालयलाई उपलब्ध गराईएको *स्वःघोषणा पत्रमा* उल्लेख बुदाँहरु पुर्णपालना गर्नु पर्नेछ । कार्यक्रम सञ्चालन क्रममा कुनै बाधा अड्चन आइपरेमा आपसी सहमतिबाट त्यस्ता वाधा अड्चन हटाइनेछ ।

४.८. विद्यालयले **२०७९** साल मसान्तभित्र कार्य सम्पन्न गर्नुपर्नेछ । कार्यक्रम सञ्चालन गर्दा कुनै किसिमको विवाद उत्पन्न भएमा सम्बन्धित क्षेत्र प्रदेश सभा सदस्यको समन्वयमा कार्यक्रम प्रभावकारी र फलदायी बनाउन आवश्यकता अनुसार दुवै पक्षबीच आपसी छलफल गर्न सकिने छ । साथै कुनै कारण जनाइ वा नजनाई कार्यक्रम संचालनमा कठिनाई हुन गएमा यो सम्झौता रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

४.९. पुरानो निर्माण आदिमा यो कार्यक्रमको रकम जोडेर खर्च गर्न पाइनेछैन। अन्य कुराको हकमा प्रचलित ऐन, कानून बमोजिम हुनेछ ।

**५. कबुलियतनामा**

विद्यालयले भौतिक पूर्वाधार विकास (खेलमैदान निर्माण) अन्तर्गत शिक्षा तथा सामाजिक विकास निर्देशनालय/सामाजिक विकास डिभिजन कार्यालयको अनुदान सहयोग प्राप्तिको लागि गरिने कबुलियतनामामा देहाय बमोजिम हुनेछ ।

| सि.नं. | कार्यक्रमको विवरण | संख्या | एकाई | ल.इ. रकम(रु) | साझेदारीमा स्थानीय तह/विद्यालयले योगदान गर्ने रकम (रु) | कार्यक्रमको जम्मा अनुदान सहयोग रकम (रु) | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| **कूल जम्मा** | | | | | | | |

श्री..........................................................विद्यालय.................................का विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री..........................................................र प्रधानाध्यापक प्रमुख श्री...............................................को संयुक्त निवेदनमा स्थानीय तहबाट सिफारिस भइ सम्बन्धित विद्यालयबाट उपलब्ध कार्ययोजना बमोजिम माथि उल्लेखित कार्यहरु शिक्षा तथा सामाजिक विकास निर्देशनालय/सामाजिक विकास डिभिजन कार्यालय गजेहडा कपिलवस्तुबाट उपलब्ध गराइएको आर्थिक अनुदान रकम रु......................... (अक्षरेपी रु.........................................................................मात्र ।) प्राप्त गरी सम्पूर्ण

शर्तहरु पालना गर्ने गरी सम्पन्न गर्न सामाजिक विकास डिभिजन कार्यालय गजेहडा कपिलवस्तु र विद्यालय व्यवस्थापन समिति बीच यो सम्झौता गरिदियौं ।

## *सम्झौता गर्ने पदाधिकारीहरु*

*सामाजिक विकास डिभिजन कार्यालय तर्फबाट*

कार्यालय प्रमुख :- राम करन पाल

हस्ताक्षर :-

इञ्जिनियर :- दिपेश घिमिरे

हस्ताक्षर :-

निर्देशनालय/डिभिजन कार्यालयको छाप :-

*विद्यालयको तर्फबाट*

अध्यक्ष :-

हस्ताक्षर :-

प्रधानाध्यापक :-

हस्ताक्षर :-

विद्यालयको नाम :-

विद्यालयको छाप :-

विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको नामावली ।

| क्र.सं | नाम र थर | पद | मोबाइल नम्बर | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |

**सम्झौता सम्पन्न भएको मिति :- २०७९/० / गते ।**

*नोट :-* यस सम्झौता पत्रमा उल्लेखित विवरणहरुको विद्यालय व्यवस्थापन समितिको बैठकमा समितिका सम्पूर्ण सदस्यहरुलाई जानकारी गराउनु हुन र प्रत्येक पेजमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकले दस्तखत गरी विद्यालयको छाप समेत लगाउनुहुन अनुरोध छ ।